नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
**संघीय आयोजना कार्यान्वयन इकाई, रुपन्देही**

## बाटो बन्द हुने सम्बन्धी जरुरी सुचना ।

यस इकाई अन्तर्गत निर्माण व्यवसायी श्री Civilian Construction Ptv.Ltd, Nuwakot बाट निर्माण कार्य भईरहेको **Upgradation of Campus Road Tansen Municipality -06** को लक्ष्य पुरा गर्नको लागि सवारी आवागमन बन्द गरी निर्माण कार्य गर्नुपर्ने हुनाले मिति २०८१/०२/०४ देखि मिति २०८१/०२/२३ सम्म चौविसै घण्टा सवारी आवागमन बन्द हुने ब्यहोरा सरोकारवाला सबैमा सुचित गरिन्छ । यसबाट सर्वसाधारणलाई पर्न जाने असुविधाप्रति यस इकाई क्षमाप्रार्थी छ । उक्त अवधिभर सवारी साधनहरुलाई वैकल्पिक सडक प्रयोग गर्न अनुरोध गरिन्छ ।

क्याम्पस सडक प्रयोग गर्ने सवारी साधनहरुको लागि तपशिलका वैकल्पिक सडकहरु व्यवस्थापन गरिएको छ ।

## तपशिल:

- गुल्मी, अर्घाखाँची, पाल्पा पश्चिम क्षेत्र, बाग्लुङ जाने आउने बस/जिप/ट्रक/ टिप्पर लगायत सम्पूर्ण चारपाङग्रे सवारी साधन ढुङ्गाखानी हुँदै होलाङ्दी बाइपासबाट आवत जावत गर्ने । अत्यावश्यक काममा बजार क्षेत्रमा आउनु पर्ने साना सवारी साधनहरु गौरीशंकर हुदै होलाङ्दी डाइभर्ट गर्ने ।
- गुल्मी, अर्घाखाँची, पाल्पा पश्चिम क्षेत्र, बाग्लुङ तर्फबाट आएका साना सवारी साधन मिसन अस्पताल आउनुपर्ने हकमा बतासेडाँडा-निलसागर-मिसन अस्पताल- चिलाङ्दी हुदै सिद्धार्थ राजमार्ग प्रयोग गर्नुपर्ने ।
- सडक मर्मत अवधिभर साना चारपाङ्ग्रे सवारी साधनहरु टुडिखेलको दुवो नभएको खाली ठाउँमा पार्किङ गर्ने ।
- बुटवल तथा सिद्धार्थ राजमार्ग तर्फबाट आई बजार प्रवेश गर्नुपर्ने ठुला सवारी साधनहरु तथा इन्धन भर्न आउने ठुला सवारी साधनहरु वसपार्क आई पुनः होलाङ्दी गई गन्तव्य तर्फ पठाउने।
- बुटवल तथा सिद्धार्थ राजमार्ग तर्फबाट आई बजार प्रवेश गर्नुपर्ने साना सवारी साधनहरु तथा इन्धन भर्न आउने साना सवारी साधनहरु बसपार्क, आन्दोलन चोक, टुडिखेल मोड, नारायण स्थान हुँदै गन्तव्य तर्फ पठाउने ।
- वसपार्क क्युमा लागेका बाहेक अन्य सवारी साधन पार्किङ नगर्ने ।
- मालवाहक सवारी साधनहरु बजार क्षेत्रमा प्रवेश गर्नु पर्ने भएमा साँझ ६ बजे पछि होलाङ्दी-ढुङ्गाखानी-बतासे-गौरीशंकर होटल आएर बजार प्रवेश गर्ने । (टुडिखेल मोड, नारायण स्थान, मिसन अस्पताल तर्फ आउनु पर्ने भएमा साँझ ६ बजे पछि मात्र बसपार्क, टुडिखेल मोड, नारायण स्थानको सडक प्रयोग गर्न सकिने)
- दसबार संग्राहलय घुम्न आउने पर्यटकहरुको लागि टुडिखेलमा सवारी साधन पार्किङको व्यवस्था मिलाउने ।
- स्कूल वसहरुको सम्बन्धमा सडक मर्मत अवधिभरको लागि वैकल्पिक व्यवस्था गर्ने ।

पुनश्च: सवारी साधनहरु रोक्दा र सवारी चलाउदा कडाईका साथ आफनो लेन अनुशासन कायम राख्नुहुन तथा सवारी लामवद्ध भएको अवस्थामा जथाभावी ओभरटेक नगर्नुहुन अनुरोध छ ।

धर्मेन्द्र पन्थ
का.मु. आयोजना प्रमुख